जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक १० २०८१ साल साउन ११ गते शुक्रबार (26 July 2024 Friday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : निजामती ऐनमा दलित ... ३ पृष्ठमा : उपराष्ट्पति यादवसँग ... ३ पृष्ठमा :बङ्गलादेशमा तनाव कम हुँदै...

# महादेवामा काम नगरि करोडौंको भुक्तानी, काम गर्नेले पाएनन् भुक्तानी

## “अध्यक्ष मण्डलले भने यस्ता कुरा फोनमा भन्न मिल्दैन’

**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

आर्थिक बर्ष २०८०/०८१ सम्पन्न भएर नयाँ आर्थिक बर्ष सुरु भएको एक साता वितिसक्दा समेत सप्तरीको महादेवा गाउँपालिकामा उपभोक्ता समिति तथा संघ संस्थाले भुक्तानी पाउन सकेको छैन् ।

गत आर्थिक बर्षमा संचालित योजनाहरुको काम सम्पन्न भएपनि कमिशनको रकम नदिदा काटिएको चेक समेत उपभोक्ताहरुले नपाउँदा उनीहरु मारमा परेका छन् ।

गाउँपालिकाको वडा नम्बर १ स्थित खानेपानी संरचना निर्माण गरेका माझी निर्माण सेवाले निर्माण काम सकिए पनि भुक्तानी नदिएको गुनासो गरेका छन् ।

निर्माण सेवाकी प्रोपराईटर बर्षारानी पैकराले गाउँपालिकाले भुक्तानी नदिएको कारण समस्यामा परेको जानकारी दिइन् । यस्तै अन्य निर्माण कम्पनी तथा उपभोक्ता समितिले पनि काम सम्पन्न गरिसकेको भएपनि कमिशन नदिएको कारण चेक काटेर पनि रोकेको बताए ।



आफ्नो नाम उल्लेख नगर्ने शर्तमा एक उपभोक्ता समितिका अध्यक्षले भने, ‘काम सम्पन्न भयो तर, कमिशन नदिएको कारण चेक पाइएन ।’ उनले आफ्नो नाम समाचारमा आएपछि काम गरेको पैसा डुब्ने डरले नाम नलेख्न आग्रह गरे ।

एकातिर काम सम्पन्न गरेकाहरुले भुक्तानी पाउन सकेको छैन् भने अर्कोतिर कामै नगरी पनि भुक्तानि लिई सकेको स्थानिय एक नेताले बताए ।

गाउँपालिकाका अध्यक्ष सुनिलकुमार मण्डल र प्रमुख प्रशासकिय अधिकृत रामलखन यादव, लेखा अधिकृत रमेश चौधरी, सहलेखापाल हिरालाल यादवले आफ्नो नजिकको व्याक्तिलाई कार्यक्रम र योजना दिएर काम सम्पन्न नभए पनि चेक काटेर बैंकमा जम्मा गरि भुक्तानी गरिएको श्रोतले जनाएको छ ।

आर्थिक बर्ष २०७९/०८० मा गाउँपालिकाको एक करोड ५० लाख र संघीय सरकारको एक करोड ५० लाख गरी तीन करोडको कृषि विद्युतीकरण योजनामा कामै नगरी दुई करोड ७० लाख भुक्तानी दिएको एक स्थानियले बताए ।

सियाराम श्यामा जेभी बलान विहुल सप्तरीले गाउँपालिकाको सबै वडामा ४ सय ५० वटा विद्युत पोल र १० वटा ट्रान्सफर्मर जडान गर्ने सम्झौता गरेकोमा २ सय ५० वटा पोल मात्रै जडान गरेर दुई करोड ७० लाख भुक्तानी लिई सकेको छ ।

उक्त विद्युतीकरण कामका लागि सियाराम-श्यामा जेभीले सम्झौता गरेपनि गाउँपालिकाका अध्यक्ष मण्डलले नाताका आफ्ना सालो अभिषेक मण्डललाई ठेक्का दिएको आरोप स्थानियहरुले लगाएका छन् । संघीय सरकारबाट नेकपा माओवादी केन्द्रबाट गापा अध्यक्ष पदका प्रत्याशी उम्मेदवार दिपेन्द्र माझी लगायतको पहलमा कृषि विधुतीकरणको लागी ३ करोडको पोल, तार, ट्रान्सफरमर जडानमा मानोमानी तरीकाबाट अनियमितता गरिएको स्थानिय किसानको आरोप छ ।

यस्तै गाउँपालिकामा अध्यक्ष मण्डलका सल्लाहकार ललितकुमार मण्डल, प्रमुख प्रशासकिय अधिकृत यादव, लेखा अधिकृत चौधरी, सहलेखापाल यादवले कमिशन वापतको रकम नदिएको कारण गाउँपालिकाको स्टोर राखिएको घरको भाडा समेत १८ महिनादेखि नदिएको घरधनी अमरेन्द्र मंडलले जानकारी दिए ।

यता पालिकाहरुमा कमिशन वापतको रकम उठाउन अध्यक्ष मण्डलले करारको कर्मचारीलाई खटाएको एक सप्लार्यसका संचालकले गुनासो गरेका छन् । पालिकाले २० देखि ३० प्रतिशतसम्म कमिशन लिने गरेकोले नगद नभए पनि चेक नदिउन्जेल भुक्तानी वापत चेक

***बाँकी तीन पृष्ठमा***

# मधेशमा १ सय २६ जनाको हत्या

**दैनिक समाचारदाता**
**बिरगन्ज, १० साउन ।**

सर्लाहीमा साउन ७ गते सोमबार पूर्वराज्यमन्त्री रामचन्द्र रायको हत्या भयो । आफ्नै सहयोगीबाट रायको हत्या भएको प्रहरी अनुसन्धानबाट खुलेको छ ।

गत जेठ ३२ मा बाराको कलैयास्थित रामराजा बहुमुखी क्याम्पसका प्रमुख हरिभूषण कुशवाहाको हत्या भयो । गोली प्रहार गरी उनको हत्या भएको थियो । मृत्युकालीन घोषणामा कुशवाहले आफूमाथि पूर्वसैनिक जवान सुरेन्द्र कुशवाहले गोली हानेको बताएका थिए ।

जेठ २९ मा पर्साको जगरनाथपुरमा झारफुकका लागि घरमा बोलाएर २ जनाको हत्या भयो । नेपाल-भारत सीमा नजिक कलैया निवासी रामएकवाल पण्डित र उनको साथी सुरेश ठाकुरको आफ्नै भतिजाबाट हत्या भयो । मधेसमा यस्ता घटना सामान्यजस्तै हुन थालिसकेको छ ।

**एक वर्षमा कति हत्याका घटना ?**

पछिल्लो समय मधेस प्रदेशमा हत्याका घटना शृङ्खलाबद्ध भइरहेका छन् । व्यक्तिगत रिसिइबी तथा सामान्यखाले विवादमा हत्याका घटना हुने गरेको प्रहरी विश्लेषण छ ।

मधेस प्रहरीको तथ्याङ्कमा एक वर्षमा ८ वटा जिल्लामा १२६ जनाको हत्या भएको छ । गत आर्थिक वर्ष (०८०/०८१) प्रदेशका आठ वटै जिल्लामा गरी ७८ पुरुष र ४८ जना महिलाको हत्या भएको प्रहरीले जनाएको छ ।

यो एक वर्षमा सबै भन्दा बढी धनुषामा हत्याका घटना भएका छन् । समीक्षा अवधिमा धनुषामा १४ जना पुरुष र ७ जना महिला गरी २१ जनाको हत्या भएको तथ्याङ्क छ ।

सबैभन्दा कम महोत्तरीमा हत्याका घटना भएका छन् । प्रहरीका अनुसार यहाँ ७ जना पुरुष र २ महिलाको गरी कुल ९ जनाको हत्या भएको छ ।

बढी हत्या हुने जिल्लामा दोस्रो स्थानमा सिरहा छ, जहाँ एक वर्षमा ९ पुरुष र ११ महिला गरी २० जनाको हत्या भएको छ । पर्सामा १७, बारामा १४, रौतहटमा १७, सर्लाहीमा ११, सप्तरीमा १६ जनाको हत्या भएको मधेस प्रहरीको तथ्याङ्क छ ।

***बाँकी अन्तिम पृष्ठमा***

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १६ वर्ष देखी संचालन हुदै आएको

ओभरसियरी क्याम्पस

( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :

सफटेक इन्जिनियरिङ कलेज

रुपनी रोड, राजविराज-८ (सप्तरी)

फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

CTEVT बाट मान्यता प्राप्त

जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज

संचालित कार्यक्रमहरु

डिप्लोमा तह

H.A. (सामान्य चिकित्सा)

अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने

P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी

फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म

प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार

समय : बिहान ८ बजेदेखी (H.A.)

समय : दिउँसो १ बजेदेखी (V-JTA, P-JTA)

आजै सम्पर्क गर्नुहोस्

राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक

फोन नं. ०३१-५३१४७८

मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### विकासको कार्यमा अवरोध नगरौं

सप्तरी जिल्लामा विभिन्न विकासीय कार्यहरुले तिब्रता पाएको छ । यस्ता कार्यहरुले जिल्लाको विकासमा गति लिने भएको छ । दशकौंदेखी नभएका विकासीय कामहरु यसरी अहिले भइरहेकोमा पक्कै पनि यसले जिल्लाको विकासले फड्को मर्ने निश्चित छ । यसमा सबैभन्दा अग्रपंक्तिमा रहेको छ सडकहरु रहेका छन् । त्यस्तै रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, मधेश कृषि विश्वविद्यालय, गजेन्द्र नारायण सिंह अस्पताल ठूलो आयोजनामा पर्दछ । यसबाहेक साना तिना भौतिक संरचना निर्माण समेत भइरहेको छ । नगरपालिका स्थापना भएकालदेखी नै नबनेका सडकहरु अहिले निर्माण भइरहेको छ ।

यस्तै प्रदेश तथा संघीय सरकारको बजेटबाट पनि सडकहरु निर्माण हुने कार्यले तिब्रता पाएको छ । विगतका वर्षहरुमा ती कार्यले प्राथमिकता नपाएपनि अहिले प्राथमिकताका साथ निर्माण हुनु सकारात्मक हो । जिल्लावासी यस कार्यले खुशी देखिन्छन् । हुन पनि हो विकासी कार्यमा कसैले वाधा उत्पन्न गर्नुहुँदैन् । जे भएपनि जुनसुकै बहानामा विकासीय कार्यले प्राथमिकता पाउनु भनेको सकारात्मक नै मान्नु पर्दछ ।

तसर्थ विकास भनेको सबैलाई चाहिन्छ । कुनै पनि स्थानको जबसम्म विकास हुँदैन् तबसम्म त्यस ठाउँको औचित्य रहदैन् । विकास चाहे त्यो स्थानिय, प्रदेश वा संघीय बजेटबाटै किननहोस् जुनसुकै उद्देश्यले विकास भइरहेको छ भने त्यसलाई सकारात्मक रुपमा लिनुपर्छ ।

# निजामती ऐनमा दलित महिलाका लागि आरक्षणको सवाल

**सुशील दर्नाल**

काठमाडौँ, १० साउन (रासस) ।

सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी व्यवस्था गरी सो सेवालाई राष्ट्र हित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, सुदृढ, सेवामूलक, उत्तरदायी र व्यावसायिक बनाउँदै सुशासनमुखी संयन्त्रका रूपमा विकास गर्ने उद्देश्यले ल्याइएको 'निजामती सेवा विधेयक' अहिले संसद्मा विचाराधीन छ । सो विधेयक समावेशी सिद्धान्तबमोजिम हुनुपर्नेमा महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका व्यक्तिलगायत सम्पूर्ण सीमान्तकृत समुदायले माग गरेका छन् ।

विशेषगरी दलित समुदायका महिलाहरूले महिलाभित्र पनि सीमान्तकृत महिलाका लागि निजामतीमा आरक्षण अनिवार्य हुनुपर्ने माग राखेका छन् । संविधानको मर्म र भावनाअनुरुप निजामती सेवा हुनुपर्ने उहाँहरूको माग छ । 'संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपनतिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने' भनिएको छ। सोही प्रस्तावनाको भावनाअनुरुप निजामती सेवा विधेयक बन्नुपर्ने दलित महिला अधिकारकर्मीको भनाइ छ। समाजवादी पार्टीका उपाध्यक्ष दुर्गा सोवले निजामती सेवामा महिला आरक्षणतर्फ व्यवस्था गरिएको २७ प्रतिशतभित्र दलित महिलाका लागि छुट्टै आरक्षणको व्यवस्था गर्नुपर्ने माग गर्नुभयो । हालको निजामती विधेयकको प्रस्तावित मस्यौदामा महिला आरक्षणतर्फ खस आर्य २७ प्रतिशत, आदिवासी जनजाति २५ प्रतिशत, मधेसी १५ प्रतिशत, दलित १२ प्रतिशत थारू छ दशमलव छ प्रतिशत, मुस्लिम चार प्रतिशत र पिछडिएको क्षेत्र चार र अपाङ्गता भएका व्यक्ति चार प्रतिशत गरी कोटा छुट्याइएको छ । यसअघिको ऐनमा महिलाभित्रको आरक्षण छुट्याइएको थिएन ।

संविधानको धारा ४२ को समानताको हकमा 'आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ' भनिएको छ। सङ्घीय निजामती सेवा विधेयकमा समावेशीकरण दृष्टिबाट हेर्दा विधेयकको दफा ११ को पदपूर्तिसम्बन्धी विशेष व्यवस्थाको उपदफा (१), (२) र (३) मा समावेशी व्यवस्थाका लागि छुट्याइएको पदमध्ये ४९ प्रतिशतलाई शत्प्रतिशत मानी त्यसको ५० प्रतिशतमा समावेशीबाट महिलामात्र र बाँकीमा समावेशी समूहका उम्मेदवार हुने व्यवस्था गरिएको छ ।

युवा तथा खेलकुद मन्त्रालयका शाखा अधिकृत मेघराज शङ्करले दलित समुदायका सांसदलाई सीमान्तकृत समुदायको सहभागितामा कतै पनि नचुक्न आग्रह गर्दै "दलित समुदायका सांसदले दलितको आरक्षण विरोधी केही गतिविधि भए विरोध गर्नुपर्छ" भन्नुभयो । विधेयकको दफा ३० मा निजामती सेवाको माथिल्लो पदमा बढुवाका लागि उम्मेदवार हुनका न्यूनतम अनुभव र सेवा अवधि राजपत्र अनङ्कित श्रेणीका लागि पाँच वर्ष र राजपत्राङ्कित श्रेणीका लागि सात वर्ष भएको हुनुपर्ने प्रस्ताव गरिएको छ । विधेयकमा 'समावेशी समूहका उम्मेदवारको हकमा आवश्यक न्यूनतम सेवा अवधि एक वर्ष कम भए पनि हुनेछ' भनी थप्नुपर्ने अधिकृत शङ्करको भनाइ छ ।

हालको निजामती सेवा ऐनमा समावेशी समूहका लागि एक वर्ष कम भए हुने भन्ने व्यवस्था छ तर प्रस्तावित ऐनले उक्त सकारात्मक विभेदअन्तर्गतको सुविधासमेत कटौती गरेकाले बढुवा अवसरमा सङ्घीय निजामती सेवा ऐनको व्यवस्था प्रतिगामी देखिएको छ । "त्यसैले समावेशी समूहका लागि एक वर्ष कम हुने व्यवस्था कायम हुनुपर्दछ । यसले गर्दा निर्णय तहमा सीमान्तकृत समुदायको सामयिक सहभागिताको अवसर कायम हुने र संविधानले परिकल्पना गरेको सकारात्मक विभेदको व्यवस्था कार्यान्वयनमा सहयोग पुग्नेछ", अधिकृत शङ्करले भन्नुभयो ।

दलित महिला सङ्घ (फेडो) की महासचिव रेणु सिजापतीले संविधानमा व्यवस्था भएअनुसार समान र समतामूलक समाज निर्माणका लागि दलित समुदाभित्र पनि दोहोरो तेहेरो मारमा परेका दलित महिलाको निजामती प्रवेशका लागि महिलाभित्र पनि दलित महिला प्रतिशत छुट्याउनुपर्ने तर्क गर्नुभयो । निजामती ऐन बनाएरै प्रशासन संयन्त्र व्यवस्थित गर्न थालिएको ६५ वर्षपछि दलित महिलाबाट सीता परियार हुम्लाको प्रमुख जिल्ला अधिकारी बन्नुभयो । यसअघि दलित समुदायबाट मानबहादुर विश्वकर्मा पहिलोपटक सचिव बन्नुभएको थियो ।

सरकारी निकायहरूमा केही हदसम्म मुलुकको विविधता झल्कन थाले पनि उपल्ला पदहरूमा दलितको उपस्थिति न्यून छर । सहसचिव र उपसचिवस्तरमा औँलामा गन्न सकिने जति मात्रै दलित समुदायका छन् । नेपाली सेनामा शुभबहादुर सुनाम सहायक रथीसम्म बन्नुभएको थियोर । पुरुष उम्मेदवारको हकमा ३२ वर्ष र महिला उम्मेदवारको हकमा ३७ वर्ष अधिकतम उमेर राख्दा निजामती सेवामा युवा तथा नवप्रतिभाहरूको प्रवेश हुने देखिएता पनि महिलाभित्रको सामाजिक विविधतालाई दृष्टिगत गरी निजामती सेवामा अति कम पहुँच भएका दलित महिलाका लागि विशेष व्यवस्था गर्दा प्रभावकारी हुन्छ । त्यसका लागि दलित तथा दलित समुदायका महिलाका लागि ४० वर्ष पूरा नभएको उमेर हद कायम गर्दा उचित हुने देखिन्छ ।

विधेयकको उपदफा ४ र ५ मा समावेशी समूहका कुनै समूहका लागि छुट्याइएको सबै वा केही पदमा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा वा आवश्यक सङ्ख्यामा उम्मेदवार उत्तीर्ण हुन नसकेमा त्यस्तो पदमा सोही उपदफाबमोजिम अन्य समूहका लागि भएको विज्ञापनमा लिखित परीक्षा उत्तीर्ण भई लिखित परीक्षामा सहभागी भएका तर सिफारिस हुन नसकेका उम्मेदवारमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई सिफारिस गरी पदपूर्ति गर्ने भनिएको छ । अर्को समावेशी समूहको उम्मेदवार सिफारिस गरी पदपूर्ति गरिएकामा त्यसपछि लगत्तै अर्को पटक हुने विज्ञापनमा प्रतिशत निर्धारण गर्दा जुन समावेशी समूहबाट जति सङ्ख्यामा थप पदपूर्ति भएको हो त्यति सङ्ख्यामा त्यसरी पदपूर्ति भएको समावेशी समूहमा कायम भएको सङ्ख्याबाट घटाई पहिले पदपूर्ति हुन नसकेको समावेशी समूहमा पद कायम हुनेछ भन्न प्रावधान छ ।

दलित महिला उत्थान सङ्घ ( एड्वान) की अध्यक्ष विन्दु परियारले निजामती विधेयकमा उल्लेख 'एक व्यक्तिले एकपटक मात्र समावेशीकरणको अवसर पाउनुपर्छ' भन्ने व्यवस्थाले निजामती सेवामा समावेशीकरणको व्यवस्था व्यक्तिगत अवसरका लागि मात्र नभएर सामूहिक प्रतिनिधित्व र अधिकारका लागि हो भन्ने समावेशीकरणको सैद्धान्तिक मान्यतालाई नै निरुत्साहित बनाएको भन्दै सो व्यवस्था हटाइनुपर्नेमा जोड दिनुभयो । ऐनको दफा ११ को उपदफा १० मा यस दफाबमोजिमको सुविधा एक व्यक्तिले सेवा अवधिभरमा राजपत्र अनङ्कित पदमा एकपटक र राजपत्राङ्कित श्रेणीको पदमा एक पटक मात्र लिन पाउनेछ भन्ने व्यवस्था प्रस्ताव गरिएको छ । अध्यक्ष परियारले सो व्यवस्थाले सीमान्तकृत समुदायलाई खुल्ला प्रतिस्पर्धाबाट प्रशासनको नीति निर्माण गर्ने माथिल्लो तहमा जान सक्ने अवसरलाई खुम्च्याई दिएको तर्क गर्नुभयो । "अहिले पनि समावेशीकरणका लागि छुट्याइएका कतिपय पदहरू मागअनुसार पूर्ति हुनसकेका छैनन्, सेवाभित्रका अनुभवी उम्मेदवारहरूलाई समावेशी कोटामा रोक लगाउँदा समावेशी समूहको सबैभन्दा कम पहुँच भएको दलित समुदाय तथा दलित समुदायका महिलाका लागि यो व्यवस्था झन् बाधक बन्नजान्छ," उहाँले भन्नुभयो ।

महिला, आदिवासी जनजाति, मधेसी र सदियौँदेखि आर्थिक, सामाजिक तथा राजनीतिक रूपमा पछाडि परेको दलितलगायत सीमान्तकृत समुदायलाई राज्यका विभिन्न संरचनामा सम्मानजनक प्रतिनिधित्व गराउन २०६४ सालमा निजामती सेवा ऐन संशोधन गरेर समावेशी कोटाअन्तर्गत ४५ प्रतिशत सिटमध्ये नौ प्रतिशत दलितलाई

*बाँकी तीन पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569





# उपराष्ट्रपति यादवसँग स्वीट्जरल्याण्डका राजदूतको शिष्टाचार भेट

**दैनिक समाचारदाता**
**काठमाडौं, १० साउन ।**

उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि स्वीट्जरल्याण्डका राजदूत डा.डेनियल म्यूली मोन्टेलियोनले बिहीबार शिष्टाचार भेट गरेका छन् ।

लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा भएको उक्त भेटमा शुभकामना आदानप्रदान पश्चात द्विपक्षीय सम्बन्ध, विकास सहयोग, लगानी तथा व्यापार, पर्यटनलगायतका मुद्दामा छलफल भएको हो । उपराष्ट्रपति यादवले सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भए पश्चात नेपाल र स्वीट्जरल्याण्डबीचको सम्बन्ध मैत्रीपूर्ण तथा सौहार्दपूर्ण रहेको र नेपालले स्वीट्जरल्याण्डसँगको सम्बन्धलाई उच्च प्राथमिकता दिंदै आएको बताए ।

उनले भने, 'उच्च राजनीतिक नेतृत्व तथा कूटनीतिक तहमा भ्रमणको आदान प्रदान तथा संवाद, विकास सहयोग, जनस्तरको सम्बन्ध, लगानी तथा व्यापार, पर्यटन आदि नेपाल-स्वीट्जरल्याण्ड सम्बन्धका आधार स्तम्भहरु हुन् ।'



नेपालको विकास पथमा मित्र राष्ट्र स्वीट्जरल्याण्डको निरन्तर साथ र सहयोग रहनेमा आशावादी रहेको उनले बताए । 'नेपालको शान्ति प्रक्रियामा सुरुवाती चरणदेखि नै स्वीस सरकारको महत्वपूर्ण सहयोग रही आएको छ' उपराष्ट्रपति यादवले भन्नुभयो, 'यसका लागि म स्वीस सरकारलाई धन्यवाद व्यक्त गर्दछु ।'

बहुपक्षीय मञ्चहरुमा जलवायु परिवर्तनलगायतका अन्तर्राष्ट्रिय मुद्दाहरुमा स्वीट्जरल्याण्डको महत्वपूर्ण भूमिकाको प्रशंसा गर्दै आपसी हितका विषयहरुमा दुईपक्षीय र वहुपक्षीय मञ्चहरुमा हाम्रो सहकार्य निरन्तर कायम रहनेमा आफू आशावादी रहेको बताए । 'नेपाल सन् २०२६ मा अति कम विकसित मुलुकबाट स्तरोन्नति हुने क्रममा रहेकोले नेपाल सरकारले तदअनुसार तयारी गरिरहेको छ ' उनले भने, 'यसका लागि हामी विकास साझेदारहरुबाट श्रोत-साधन, प्रविधि लगायत आर्थिक साझेदारीको अपेक्षा गर्दछौं ।'

भेटमा स्वीट्जरल्याण्डका राजदूत डेनियल म्यूली मोन्टेलियोनले नेपाल र स्वीट्जरल्याण्ड असल मित्र भएको जनाउँदै स्वीस सरकारले नेपालमा रहेको तीनै तहको सरकारलाई बलियो बनाउँदै संघीयतालाई सबल र सुदृढ बनाउनमा सहयोगका लागि इच्छुक रहेको जनाए । उनले स्वीस लगानीकर्तालाई नेपाल भित्र्याएर नेपालको विकासमा सहयोग पुर्‍याउने चाहना समेत व्यक्त गरे ।

## *निजामती ऐनमा ...*

छुट्याइएको थियोर । सभासद् लक्ष्मी परियारले निजामती सेवा ऐन संशोधन भएको १७ वर्ष हुँदा पनि निर्णायक तहमा अपवादका रूपमा छिटपुट दलितको प्रतिनिधित्व हुनुले राज्यसंयन्त्रलाई अझै समावेशी बनाउन बहुआयामिक सुधारको खाँचो औंल्याउँनुभयोर । २०७८ सालको जनगणनाअनुसार नेपालको जनसङ्ख्याको करिब १४ प्रतिशत दलित छन् ।

यता लोक सेवा आयोगका अनुसार निजामतीतर्फ २.३ प्रतिशत, प्रहरीतर्फ ९.४६ प्रतिशत र सैनिकतर्फ ८.१८ प्रतिशत दलितको उपस्थिति रहेको देखिन्छर । जनसङ्ख्याको अनुपातमा यो सङ्ख्या निकै कम हो । त्यसैले पनि दलितलाई आरक्षण प्रतिशत बढाउनुपर्ने माग गर्नु परेको दलित महिला केन्द्रकी महासचिव गौरा नेपालीले बताउनुभयो ।

विधेयकको उपदफा ७ मा उपदफा (२) वा (३) बमोजिम छुट्याइएको पदमा उपदफा (४) वा (५) बमोजिमसमेत पूर्ति हुन नसकेमा त्यस्तो पद अर्को वर्ष हुने सोही समूहको विज्ञापनमा समावेश गरिनेछ र त्यसरी गरिएको विज्ञापनमा पदपूर्ति हुन नसकेमा त्यस्तो पद सोही वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमा समावेश गरी पदपूर्ति गरिनेछ । सो वर्ष खुला प्रतियोगताद्वारा पूर्ति हुने गरी विज्ञापन नभएकामा त्यस्तो पद अर्को वर्षको खुला प्रतियोगिताद्वारा पूर्ति गर्ने पदमा समावेश गरी पदपूर्ति गर्नुपर्नेछ भन्ने व्यवस्था उल्लेख छ । जागरण मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्माले यो व्यवस्थाले समावेशी समूहका लागि सुनिश्चित गरिएको पद सङ्ख्या गुम्ने अवस्था हुन जाने तर्क गर्नुभयो । "यसले सम्बन्धित समावेशी समूहको प्रतिनिधित्व घट्ने र अर्को समूहमा तोकिएकोभन्दा बढी प्रतिनिधित्व हुन गई समानुपातिक समावेशी सिद्धान्तको मर्म विपरीत हुन जाने भएकाले कम्तीमा दुई पटकसम्म अवसर प्रदान गर्नु उपयुक्त हुन्छ", उहाँले भन्नुभयो । आरक्षण कोटा हुँदा वा प्रतिशत बढ्दा तुलनात्मक रूपमा प्रशासन संयन्त्रमा दलितको उपस्थित बढ्छ र राज्यको स्थायी संरचना थप समावेशी बन्दा न्यायपूर्ण समाज निर्माण अझ सहज बन्न सक्दछ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज

मिति :-२०८१/०३/२४

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

रैती नं.३० साधु साफी नाममा दर्ता रहेका साविक प्रगन्ना पकरी मौजे हनुमाननगरको सा.कि.नं. ४४ को ज.वि.०-६-७, सा.कि.नं. ५६ को ज.वि.०-२-१२, सा.कि.नं. १२८ को ज.वि.०-२-३, सा.कि.नं. १७१ को ज.वि.०-११-३, सा.कि.नं. १७६ को ज.वि.०-२-१२, सा.कि.नं. ३९६ को ज.वि.०-०-१७, सा.कि.नं. ३९८ को ज.वि.०-१-३, सा.कि.नं. ५१६ को ज.वि.०-६-४ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स.हनुमाननगर वडा नं.४ हाल हनुमाननगर कंकालिनी नगरपालिका वडा नं.७ बस्ने स्व.साधु साफीको हकखाने दुई छोरा कुसुमलाल साफी र हरीलाल साफी आ-आफ्नो कालगतीले मृत्यु हुँदा कुसुमलाल साफीका ३ छोराहरु लक्ष्मण साफी, भरत साफी र विष्ठ साफी तथा मृतक हरिलाल साफीका २ छोरा जनकलाल साफी, रामदेव साफी भएको र जनकलाल साफीको मृत्यु भई हकखाने दुई पत्नीहरु जेठी महावती देवी साफीको पनि मृत्यु भई हकखाने दुई छोराहरु जेठा उमानन्द रजक कान्छा सुर्य नारायन रजक र कान्छी पत्नी बिन्दी देवी साफी भएकोले लक्ष्मण साफी, भरत साफी, विष्ठ साफी, रामदेव साफी, बिन्दी देवी साफी, उमानन्द रजक र सुर्या नारायण रजक समेतको यस कार्यालयमा द.नं.१२८२७ मिति २०८०/१०/१८ गतेमा माग निवेदन अनुसार मिति २०५६/५/७ को छुट जग्गा निर्णय अद्यावधिक गरी पाउँ माग निवेदन परी उक्त निर्णय मिसिल फेला नपरेकोले पुनः द.नं.१९२ मिति २०८१/०४/०४ मा छुट जग्गा दर्ता सम्बन्धमा निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८१/०४/०८ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ भने सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानून बमोजिम कार्वाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वडा नं. | हाल को कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४४ | साधु साफी | हनुमाननगर | १ | ५५ | ०-७-१२ | कुसुमलाल साफी र हरीलाल साफी संयुक्त | |
| ५१६ | साधु साफी | हनुमाननगर | १ | ६५ | ०-५-१० | " | |
| १२८ | साधु साफी | हनुमाननगर | १ | ११५ | ०-२-५ | " | |
| १७१ | साधु साफी | हनुमाननगर | २ | ५८ | ०-११-११ | " | |
| ५६ | साधु साफी | हनुमाननगर | २ | ६६ | ०-२-१७ | " | |
| १७६,३९६,३९८ | साधु साफी | हनुमाननगर | ४ | ३२ | ०-१०-११ | " | |

प्रमुख मालपोत अधिकृत

## *महादेवामा काम ...*

नदिने गरेको उनी बताउँछन ।

यस सम्बन्धमा गाउँपालिका अध्यक्ष मण्डलले काम सम्पन्न भईसकेको योजनाहरुको भुक्तानी गरिसकिएको बताए । 'काम सम्पन्न भएका ९० प्रतिशत योजनाको भुक्तानी भईसकेको छ र काम हुन बाँकी रहेका योजनाहरुको भुक्तानी भने बाँकी छ । १८ नम्बर फारम भरिएकोले काम भएजतिको पछि भुक्तानी गरिनेछ ।' अध्यक्ष मंडलले घरभाडाको समझौता नभेटिएको कारण भुक्तानी नभएको बताउँदै समझौत भेटिएपछि भुक्तानी गरिने बताए ।

अध्यक्ष मंडलसँग कमिशन नदिएको कारण चेक रोकिएको आरोपबारे राजविराज दैनिकले सोधेको प्रश्नको जवाफमा 'कमिशनको कुरा फोनमा भन्न मिल्दैन भेटेर कुरा गर्छु' उनले भने ।

# विश्व समाचार

## बङ्गलादेशमा तनाव कम हुँदै गएपछि निशेधाज्ञा आदेशलाई खुकुलो पारियो

ढाका, १० साउन (रासस/एएफपी) ।

बङ्गलादेशमा बिहीबार राष्ट्रव्यापी निशेधाज्ञा (कर्फ्यू) आदेशलाई थप खुकुलो पारिएको छ । गत हप्ता घातक अशान्ति निम्त्याएको बिरोध कार्यक्रममा क्रमिक सुस्तता आएसँगै निशेधाज्ञा आदेशलाई खुकुलो पारिएको हो । विद्यार्थी सङ्गठनहरूले सरकारी जागिरमा आरक्षण नियमहरूको विरोधमा गरेको आन्दोलनपछि आएको अदालतको फैसलापछि आन्दोलनमा खासै ठूला झडपका घटना भएका छैनन् । प्रधानमन्त्री शेख हसिनाको कार्यकालको सबैभन्दा खराब अशान्तिका रूपमा हेरिएको यो आन्दोलनमा गत हप्ता १९१ जनाको मृत्यु भएको प्रहरी र अस्पतालबाट एएफपीले पाएको तथ्याङ्कमा उल्लेख छ । हजारौं सैनिकहरू अझै पनि देशका विभिन्न शहरहरूमा गस्ती गरिरहेका छन् रअझै पनि राष्ट्रव्यापी इन्टरनेट अवरोध धेरै हदसम्म प्रभावमा छ । प्रदर्शनकारी नेताहरूले नयाँ प्रदर्शन अस्थायी रूपमा रोक्ने घोषणा गरेपछि झडपहरू कम भएका हुन् । हसीनाको सरकारले अशान्तिको चरमोत्कर्षमा रहेको कर्फ्युलाई फेरि खुकुलो बनाउने आदेश दिएको छ । सरकारको यो निर्णयले बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म सात घण्टा स्वतन्त्र आवागमन गर्न अनुमति दिएको छ । दुई करोड जनसङ्ख्या रहेको राजधानी ढाकामा प्रहरी र प्रदर्शनकारीबीच भएको भीषण झडपको केही दिनपछि बिहीबार बिहान यात्रुको भीडले सडक भरिएको देखिन्थ्यो ।

गत हप्ता बन्द भएका बैङ्क, सरकारी कार्यालय र आर्थिकरूपले महत्वपूर्ण तयारी पोशाकका फ्याक्ट्रीहरू बुधबारदेखि नै खुलेका थिए । शुक्रबार समाप्त हुन लागेको आन्दोलनलाई फेरि लम्ब्याउने वा नबढाउने भन्ने बारे निर्णय गर्ने तयारीका लागि विद्यार्थी नेताहरूको बैठक बिहीबार बस्ने बताइएको छ । यस महिनाको र्‍याली आयोजना गर्ने समूह 'स्टुडेन्ट्स अगेन्स्ट डिस्क्रिमिनेसन'ले सरकारबाट धेरै छुटको अपेक्षा गरेको बताएको छ । समूहका एक संयोजक आसिफ महमुदले एएफपीसँग भन्नुभयो, "प्रधानमन्त्री शेख हसिनाले विद्यार्थीहरूको सामूहिक हत्याका लागि राष्ट्रसँग माफी माग्नुपर्छ भन्ने हाम्रो माग छ ।" "हामी गृहमन्त्री र शिक्षामन्त्रीलाई पनि घटनाको लागि जिम्मेवार ठहर गर्दै बर्खास्त गरियोस् भन्ने चाहन्छौं ।" महमुदले प्रदर्शनमा सहभागी भएको सङ्ख्यालाई कम आँकलन गरिएको बताउनुभयो । एएफपीका अनुसार गत हप्तादेखि सुरु भएको हिंसामा प्रहरीले कम्तीमा दुई हजार ५०० जनालाई पक्राउ गरिसकेको छ । गत जुन महिनामा आधाभन्दा बढी सरकारी जागिर केही वर्गका लागि आरक्षित गर्ने योजना लागू भएपछि विरोध प्रदर्शन सुरु भएको थियो । बङ्गलादेशको स्वतन्त्रता सङ्ग्रामका लडेका भूतपूर्व सैनिकका सन्तानका लागि करिब एक तिहाइ आरक्षणको व्यवस्था भएको भन्दै विद्यार्थी समूह आन्दोलित भएका थिए ।

सरकारी आँकडाअनुसार बङ्गलादेशमा करिब एक करोड ८० लाख युवाहरू कामबाट बञ्चित भएका छन्, यस कदमले गम्भीर रोजगारी सङ्कटको सामना गरिरहेका स्नातकहरूलाई गम्भीररूपमा दुःखी बनाएको छ । यो आरक्षण (कोटा) प्रणाली हसिनाको अवामी लिगका वफादारहरूलाई सार्वजनिक जागिरहरू दिलाउन प्रयोग गरिएको सरकारका आलोचकहरूले बताएका छन् । सर्वोच्च अदालतले आइतबार आरक्षित जागिरको सङ्ख्या कटौती गरेको थियो तर आरक्षणपूर्ण रूपमा खारेज गर्न प्रदर्शनकारीहरूको माग भने पूरा भएको छैन । सन् २००९ देखि देशमा शासन गरिरहेकी ७६ वर्षीया हसिना विपक्षीहरूको सहभागिताबिना जनवरीमा भएको निर्बाचनमा लगातार चौंथो पटक विजयी हुनुभएको थियो । उहाँको सरकारमाथि अधिकारवादी समूहहरूले राज्यका संस्थाहरूको दुरुपयोग गरी सत्तामा आफ्नो पकड बलियो बनाउन र विपक्षी कार्यकर्ताहरूको गैरन्यायिक हत्यालगायत असहमतिलाई निस्तेज पार्न प्रयोग गरेको आरोप पनि लगाएका छन् ।

## इजराइली सेनाद्वारा गाजामा बन्धक बनाइएका पाँच जनाको शव फेला

जेरुसेलम, १० साउन (रासस/एएफपी) ।

इजराइली सेनाले बिहीबार अक्टोबर ७ मा दक्षिणी इजरायलमा हमासको आक्रमणका क्रममा गाजा पट्टीमा बन्धक बनाइएका पाँच जनाको शव फेला पारेको बताएको छ । सेनाले बन्धक बनाइएका माया गोरेनका साथै सैनिकहरू रविद आर्ये काट्ज, ओरेन गोल्डिन, तोमर अहिमास र किरिल ब्रोडस्कीको शव इजरायललाई फिर्ता गरिएको जनाएको छ । गाजा पट्टीको मुख्य सहर खान युनिसमा अपरेसनका क्रममा ती शव बुधबार बरामद गरिएको सेनाको भनाइ छ । सेनाले अक्टोबर ७ मा हमास लडाकूहरूले गरेको आक्रमणमा चार सैनिक मारिएको बताएको छ । डिसेम्बरमा सेनाले गोरेनको मृत्यु भएको घोषणा गरेको थियो । उनलाई अक्टोबर ७ मा अपहरण गरी गाजा लगिएको थियो । दुई इजरायली किबुत्ज, निर ओज र निर यित्ज्याकको फरक फरक बयानमा सेनाले गोरेन र गोल्डिनको शव बरामद गरिएको बताएपछि बिहीबार उक्त घोषणा आएको हो । किबुत्ज निर ओजले भन्नुभयो, "हिजो राति सेनाको उद्धार कार्यमा दिवङ्गत माया गोरेनको शव फेला परेको हामीलाई सूचित गरिएको थियो ।" उहाँले गोरेनको परिवारलाई सूचित गरिएको र थप जानकारी दिइने बताउनुभयो । पछि अर्को छुट्टै बयानमा किबुत्ज निर यित्ज्याकले सेनाले गोल्डिनको शव फिर्ता गरेको बताउनुभयो । "आज साँझ किबुत्ज आपत्कालीन टिमका सदस्य दिवङ्गत ओरेन गोल्डिनको उद्धार कार्यबारे हामीलाई सूचित गरिएको थियो, उनी अक्टोबर ७ मा हमास लडाकूहरूको आक्रमणमा मारिएका थिए ।"

## फ्रान्सद्वारा साइबर जासुसीविरुद्ध कारबाहीको घोषणा

पेरिस, १० साउन (रासस/एएफपी) ।

फ्रान्सले साइबर आक्रमणबाट समस्याग्रस्त कम्प्युटरहरू सफा गर्ने अभियान सुरु गरेको बरिष्ठ फ्रान्सेली अधिकारी लोरा बेक्आउले बताउनुभएको छ । ओलम्पिकको पूर्वसन्ध्यामा सुरु गरेको अपरेसनले सबै खाले साइबर अपराधविरुद्ध लड्न मद्दत पुग्ने उहाँले बताउनुभयो । अभियानले जासुसी वा आक्रमणको उद्देश्यले कम्प्युटरहरू ह्याक गर्ने, तथ्याङ्क चोरी गर्ने नेटवर्कलाई लक्षित गरेको छ । जुलाई १८ बाट सुरु भएको अभियानले सर्भर नियन्त्रणमा लिई समस्या समाधान गर्न सफल भएको बताउनुभयो । उहाँले यस अघिनै अभियानमार्फत समस्याग्रस्त युरोपेली देशलाई सहयोग गरेको र अभियान लामो समयसम्म चल्ने विश्वास दिलाउनुभयो । उहाँले पेरिस ओलम्पिकका लागि खतराको उल्लेख नगरे तापनि गत हप्ता फ्रान्सेली सरकारको साइबर सुरक्षा निकायले शुक्रबारको खेलमा आक्रमण हुनसक्ने चेतावनी भने दिएको छ ।

# कानुनी कारबाहीबाट १० करोडभन्दा बढी राजस्व संकलन

जनकपुरधाम, १० साउन (रासस)।

आन्तरिक राजस्व कार्यालय जनकपुरले लामो समयदेखि राजस्व नबुझाउने २० वटा औद्योगिक तथा व्यावसायिक प्रतिष्ठानमाथि कानुनी कारबाही गरी रु १० करोडभन्दा बढी राजस्व सङ्कलन गरेको छ।

कार्यालय प्रमुख किशोर बर्तौलाकानुसार गत आर्थिक वर्ष २०८०/८१ मा कानुनी कारबाही गरेर जरिवानाबाट उक्त रकम सङ्कलन गरिएको हो। लामो समयदेखि कर अर्थात राजस्व नबुझाउने एक सय ७८ व्यावसायिक प्रतिष्ठानलाई कारबाही गर्ने सूचना जारी गरेपछि त्यसमध्येका २० व्यावसायिक प्रतिष्ठानले जरिवाना रकम बुझाएका हुन्।

कार्यालयबाट प्राप्त विवरणअनुसार कार्यालयअन्तर्गत ३७ हजार व्यावसायिक करदाता रहेको छन्। जसमध्ये गत आर्थिक वर्षमा १५ हजार करदाताले वार्षिक आयव्यय अर्थात राजस्व बुझाएका छन्। अहिलेसम्म २२ हजार व्यावसायिक पान नम्बर लिएका करदाताले राजस्व नतिरेको कार्यालयबाट प्राप्त विवरणमा उल्लेख छ।

साथै अघिल्लो आव २०७९/८० को तुलनामा गत आर्थिक वर्ष २०८०/८१ मा राजस्व सङ्कलनमा वृद्धि भएको कार्यालयले जनाएको छ। अघिल्लो आवमा रु तीन अर्ब ७० करोड राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु तीन अर्ब ४४ करोड राजस्व सङ्कलन भएको थियो। कार्यालयलाई गत आर्थिक वर्ष रु चार अर्ब ४६ करोड ६३ लाख ९३ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेकोमा रु तीन अर्ब ८२ करोड ८३ लाख ७५ हजार राजस्व सङ्कलन भएको थियो। अघिल्ला आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा ११ प्रतिशतले राजस्व वृद्धि भएको कार्यालय प्रमुख बर्तौलाले जानकारी दिनुभयो।

गत आवमा कार्यालयले लिएको लक्ष्यअन्तर्गत आयकर वापत रु एक अर्ब ४५ करोड ४७ लाख, घर भाडावापत रु छ करोड ३५ लाख ६६ हजार, ब्याजकर वापत रु ११ करोड ११ लाख २२ हजार मूल्य अभिवृद्धिकरवापत रु एक अर्ब ३० करोड १५ लाख ५५ हजार, अन्तशुल्क वापत रु एक अर्ब ५३ करोड ४२ लाख ८७ हजार, स्वास्थ्यकर वापत रु ११ लाख तीन हजार तथा शिक्षाकर वापत रु ४९ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य रहेको थियो।

गत वर्ष आयकरवापत रु एक अर्ब १९ करोड ३८ लाख ७१ हजार, घरभाडा वापत रु रु तीन करोड ५० लाख २२ हजार, ब्याजकरवापत रु सात करोड २० लाख ७४ हजार, मूल्यअभिवृद्धिकरवापत रु ९७ करोड ७८ लाख ६२ लाख, अन्तशुल्ककरवापत रु एक अर्ब ५४ करोड ६६ लाख २१ हजार, स्वास्थ्यकरवापत रु १५ लाख ३१ हजार, शिक्षाकरवापत एक लाख ६८ हजार तथा अन्यकरवापत रु १२ लाख २६ हजार गरी कूल रु तीन अर्ब ८२ करोड ८३ लाख ७५ हजार राजस्व सङ्कलन भएको कार्यालय प्रमुख बर्तौलाले जानकारी दिनुभयो।

# जोखिम न्युनिकरणका लागि सहकार्य गर्छौं : मेयर ढकाल



**दैनिक समाचारदाता**
**राजविराज, १० साउन।**

सप्तरीको सप्तकोशी नगरपालिकाले विपद्को जोखिमलाई कम गर्नका लागि विकास साझेदार संस्थाहरुसँग सहकार्य गर्ने भएको छ।

युनिसेफको सहयोग तथा सप्तकोशी नगरपालिकाको समन्वयमा तिलाठी कोईलाडी गाउँपालिकाद्वारा सप्तकोशी नगरपालिकामा विहिबार आयोजित नगरपालिका स्तरीय अपाङ्गता मैत्री विपद् जोखिम न्युनीकरण तथा ब्यवस्थापन सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रममा बोल्दै नगर प्रमुख कृष्ण प्रसाद ढकालले सो कुरा बताएका हुन्।

बाढी र जंगली जनावरको आतंककाबीच सीमित साधन स्रोतले काम गर्नु परिरहेको बताउँदै नगर प्रमुख ढकालले जोखिमका कुराहरुप्रति नगरपालिकाले ध्यान दिएको बताए।

दुर्घटनाले पनि अपाङ्गता सिर्जना गरिरहेकोले समाजमा अपाङ्गताबारे सचेतनामूलक अभियान सञ्चालन गर्नु आवश्यक रहेको बताए। उनले भौतिक संरचनाहरुलाई अपाङ्गता मैत्री बनाउनुपर्ने आवश्यकता रहेको बताउँदै पालिकाको योजना बनाउँदा पनि अपाङ्गतालाई ध्यानमा राखेर बनाउनु पर्नेमा जोड समेत दिए।

सप्तकोशी नगरपालिकाका प्रमुख कृष्ण प्रसाद ढकालको अध्यक्षतामा आयोजित सो अभिमुखीकरण कार्यक्रममा अपाङ्गता राष्ट्रिय निर्देशक समितिका सदस्य सावित्रा घिमिरे, युनिसेफका अशोक कुमार झा, तिलाठी कोईलाडी गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झासहितकाले सहजीकरण गरेका थिए।

## मधेशमा १ ...

ती हत्यामा संलग्न रहेको आरोपमा प्रहरीले १४७ जनालाई पक्राउ गरेको प्रदेश प्रहरी प्रवक्ता सुवासचन्द्र बोहराले जनाए। उनका अनुसार पक्राउ पर्नेहरूमा १२५ जना पुरुष र २२ जना महिला छन्।

**अघिल्लो वर्ष कति ?**

अघिल्लो आर्थिक वर्ष ( ०७९/०८०) मा मधेसमा कुल १११ वटा हत्याका घटना भएका थिए। प्रदेश प्रहरीले उपलब्ध गराएको विवरणमा अघिल्लो वर्षमा ७० जना पुरुष र ४१ जना महिलाको हत्या भएको रेकर्ड छ। यसैगरी यो हत्याका घटनामा संलग्न रहेको आरोपमा प्रहरीले १६९ जनालाई पक्राउ गरेको तथ्याङ्क छ।

प्रदेश प्रहरी प्रवक्ता बोहराका अनुसार पछिल्लो समयमा मधेसमा हत्याका घटना हुनुको पछाडि जग्गा जमिनको विवाद, आर्थिक लेनदेन, व्यक्तिगत रिसिइबी, सामान्य आवेग जस्ता कारणले हत्या भइरहेका छन्। यसो हुनुको पछाडि सर्वसाधारणमा नैतिक शिक्षाको कमी हुँदै गइरहेको उनको ठम्याइ छ।

अर्को कारणमा खुल्ला सीमा पनि रहेको प्रदेश प्रहरी प्रवक्ता बोहराको धारणा छ। उनले भारततिरबाट सजिलै प्रवेश पाउने भएको हुँदा पनि मधेसमा आपराधिक घटना बढेको बताए।

प्रहरीका पूर्वडीआइजी हेमन्त मल्ल मधेसतिर काम गर्ने प्रहरी कर्मचारीले सुरक्षा सम्बन्धमा बढी ध्यान नदिएको बताउँछन्। 'काठमाडौँमा काम गर्ने प्रहरी अधिकारीलाई आफ्नो करिअरको चिन्ता हुन्छ, त्यसैले उनीहरूले पहिलो प्राथमिकतामा जनताको सुरक्षालाई राखेका हुन्छन्। तर मधेसतिर काम गर्ने कर्मचारीहरूको पहिलो प्राथमिकतामा पैसा पर्छ। जसका कारणले उनीहरू पैसा कमाउनतर्फ ध्यान केन्द्रित गर्छन्। अनि यस्ता घटना भइरहेका हुन्छन्।' रातोपाटीबाट


**दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं**

फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोग लाग्न सक्छन्।

त्यसैले:
- खोला, धारा वा मुलको पानी सिधै नपिऔं,
- पानी उमालेर मात्र पिऔं,
- उमाल्न सम्भव नभएमा शुद्धिकरण गरेर मात्र पिऔं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

**राजविराजको मेन रोडमा सटर भाडामा चाहिए सम्पर्क गर्नुहोस**

राजविराजको मुख्य बजार मेनरोडमा पसल, व्यवसाय, बैंक तथा वित्तिय संस्था र विमा कम्पनीका लागि कोठा भाडामा चाहिए सम्पर्क गर्नुहोस्।

सम्पर्क नं.
९८४२८२१०८२, ९८१९७२५०८२
राजविराज नगरपालिका वडा नं. ४, मेनरोड

**जनहितमा जारी सन्देश**

- बालअधिकारको सम्मान गरौं : शान्ति, सुशासन र समृद्धिको वीउ रोपौं।
- गरिवी र असमानताको स्थायी निकास : समावेशी र बालमैत्री स्थानीय विकास
- बालमैत्री स्थानीय शासन हाम्रो अभियान : सुरक्षित र बालमैत्री विद्यालय हाम्रो अभियान
- हिंसा, बालश्रम र शोषणलाई निषेध गरौः सामाजिक न्याय र सुशासन संस्थान गरौं।
- बालविवाहको अन्त्य गरौं, आफ्ना नानीबाबुहरुलाई नियमित विद्यालय पठाऔं।
- जेष्ठ नागरिकलाई सम्मान गरौं, जातीय छुवाछुतको अन्त्य गरौं।

अनुरोधकर्ता : डाक्नेश्वरी नगरपालिका, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*